बैठकका प्रस्ताव तथा निर्णयहरु यस प्रकार छ।

निणर्य न - १. ५ वर्षे गुरु योजना, गा.पा.को प्रोफाइल र बृत्त चित्र निर्माणको कार्य योजना तयार गर्ने बारे।

- ५ वर्षे गुरु योजना, गा.पा.को प्रोफाइल र बृत्त चित्र निर्माण कार्यलाई अगाडी बढाउन गठित कार्यदलहरुले आवश्यक प्रकृयाहरु अवलम्बन गर्दै अगाडी बढ्ने निर्णय गरियो। सोका लागि आवश्यक सम्बन्धित संघ संस्थाहरु सँग परामर्श छलफल गरी, आउने बैठकमा सम्बन्धित समितिका संयोजकहरुले प्रगति प्रतिवेदन पेश गर्नु पर्ने निर्णय गरियो।

निणर्य नं २. तालीम आयोजना गर्ने बारे।

- यस गाउँपालिकामा निर्माणधिन जल विद्युत आयोजनाहरुमा स्थानियलाई रोजगारी उपलब्ध गराउने उद्धेश्यले तत्काल सम्बन्धित संघसंस्थाहरु सँग छलफल परामर्श गरी आवश्यक प्रकृयाहरु पुरा गरि निम्नानुसारको तालिम सञ्चालन गर्ने निर्णय गरियो।
    - वयल्डर : २५ जना।
    - कार्पेन्टर : २५ जना।
    - स्टिल फिक्स्चर : २५ जना।
    - इस्क्याफ फोल्डर : २५ जना।

    जम्मा १०० जना।

यो तालिम हाल निर्माणधिन डादी जलविद्युत आयोजनालाई मध्यनजर राख्दै आयोजना गरिएको हुनाले सुविधाको हिसावले प्रभावित वडाहरुलाई प्राथमिकतामा राख्दा उपयूक्त हुने भएकोले निम्नानुसार सहभागि छनौट गर्ने निर्णय गरियो।

वडा नं. ६ - २० जना।
वडा नं. ७ - १४ जना।
वडा नं. ३ - १४ जना।
वडा नं. ८ - १० जना।
वडा नं. ९ - १० जना।
वडा नं. ४ - १० जना।
वडा नं. ५ - १० जना।
वडा नं. १ - ६ जना।
वडा नं. २ - ६ जना।

निणर्य नं ३. निर्माण उपभोक्ता समिति गठन बारे।

- गाउँ सभाद्धारा विनियोजित योजनाहरुको व्यवस्थित कार्यन्वयन गर्नका निम्ति सरोकारवाला सम्बन्धित उपभोक्ताहरु मध्येबाट तत्तत् वडाहरुको निर्वाचित जनप्रतिनिधिहरुको अध्यक्षतामा भएको भेलाबाट उपभोक्ता समिति गठन गरिनुपर्ने र कुनै पनि निर्माण उपभोक्ता समितिको पदाधिकारीहरुमा शिक्षक कर्मचारीहरु नरहन आग्रह गर्ने निर्णय गरियो।

निणर्य नं ४. कार्यालय व्यवस्थापन बारे।

- वडा कार्यालयहरु र गाउँ पालिकाको कार्यालयबाट प्रवाह हुने सेवा सुविधाहरुलाई चुस्त र सहज बनाउंनको निम्ति आवश्यक कार्यालय व्यवस्थापनको कामहरु मिति २०७४ भाद्र १५ गते भित्र सम्पन्न गर्न उपाध्यक्ष, होम बहादुर बि.क, सदस्य चैत बहादुर गुरुङ, लेखापाल जियाउर्रहमान खाँ र स्टोरकिपर ज्ञानेन्द्र ढकाल लाई जिम्मेवारी दिने निर्णय गरियो।

निणर्य नं ५. बेसिशहर - चामे सडक स्तरउन्नती गर्न ज्ञापन पत्र बुझाउने बारे ।

- बेसिशहर - चामे सडकको मर्स्याङदी गा.पा. क्षेत्र भित्र पर्ने खण्डको अवस्था वर्षौ देखि सुधार हुन नसकी जनताले जोखिमको यात्रा गरिरहनु पर्ने अवस्थालाई ध्यानमा राखी यस खण्डको स्तरउन्नतीको लागि रकम विनियोजन गरि प्रभावकारी ढङ्गबाट सडकको स्तरउन्नती गर्न अनुरोध गर्न सडक विभागको कार्यालय बैंमौली डेलिगेसन जाने निर्णय गरियो ।

निणर्य नं ६. खुदी प्रहरी चौकीको स्तरउन्नति र प्रहरी जवानहरुको संख्या थप गर्न माग पत्र बुझाउने बारे ।

- जनताको जिउधनको सुरक्षालाई ध्यानमा राख्दै मर्स्याङदी गा.पा.को केन्द्र भागमा रहेको खुदी प्रहरी चौकीको स्तरउन्नती र प्रहरी जवानहरुको संख्या थप गर्न जिल्ला प्रहरी कार्यालय, लमजुङ र अन्य आवश्यक निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

निणर्य नं ७. विविध निर्णयहरु:

१. महिलाहरुको महान चाड तिजको अवसरमा त्रिशक्ति महिला सञ्जाल द्वारा खुदीमा आयोजना हुन गईरहेको तिज कार्यक्रमको लागि कार्यक्रम सहित आवश्यक सहयोग माग भई आएकोले सो कार्यक्रमको लागि विभिन्न धार्मिक सांस्कृतिक साहित्यिक महोत्सव दिवस शिर्षकबाट रु. २५,०००। - सहयोग गर्ने निर्णय गरियो ।

२. २०७४ साउन ८ गते परेको अविरल वर्षाको कारण रोम्लेखोला सेराफाँट सिँचाई पहिरोको कारणबाट अवरुद्ध भई समस्या भएको भन्ने किसानहरुको निवेदन र प्रहरी मुचुल्का समेत पेश भएकोले सो सिँचाई मर्मत कार्यको लागि प्राविधिक ल.इं अनुसार पाइप उपलब्ध गराउने निर्णय गरियो ।

३. खुदी बजारमा निर्माणधिन प्रहरी बिटलाई स्थानियहरुले शुरुवात गरेको कार्यलाई प्राविधिक ल.इं अनुसार अपुग रु.५०,०००।- उपलब्ध गर्ने निर्णय गरियो ।

४. पंञ्च विचार प्रा.वि., भुलभुलेको तल्लो भवन र शौचालय यस मर्स्याङदी गाउँ पालिकाको कार्यालय प्रयोजनमा ल्याईएकोले माथीको शौचालय मर्मत गरिदिने निर्णय गरियो ।

५. मर्स्याङदी गाउँपालिका - ४, जगत निवासी बिमला गुरुङको निवेदन र सो सँग प्राप्त प्रहरी मुचुल्काको आधारमा निवेदक विमला गुरुङको घर भत्किन गई बस्न नसक्ने अवस्थामा रहेकोले तत्काल मर्मत गर्न रु.१०,०००।- बराबरको सामाग्री उपलब्ध गराउने निर्णय गरियो ।

६.जन प्रतिनिधिहरु र कर्मचारीहरु विच भुमिका, जम्मेवारी र प्रभावकारी कार्यन्वयन विषयक एक दिने कार्याशाला गोष्ठि आयोजना गर्ने निर्णय गरियो ।

दिल

अनिता